Office of the
Children's Guardian

# NDIS Worker Check
# एनडिआईएस (NDIS) कर्मी
## आवेदकहरूका लागि जानकारी

जुन २०२४

www.ocg.nsw.gov.au

## योग्यता

निम्न कुराहरू अन्तर्गत तपाईं एनडिआईएस (NDIS) कर्मी जाँचको लागि आवेदन दिन योग्य हुनुहुन्छ:

- यदि तपाईंले एनडिआईएस (NDIS) काम गर्दै हुनुहुन्छ र तपाईंको आवेदन प्रमाणित गर्ने रोजगारदाता छ भने
- यदि तपाईंको न्यु साउथ वेल्स वा अन्य कुनै राज्य वा क्षेत्रमा एनडिआईएस (NDIS) कर्मी जाँचको आवेदन चलिरहेको छैन भने
- यदि तपाईंको न्यु साउथ वेल्स वा अन्य कुनै राज्य वा क्षेत्रबाट हालको एनडिआईएस (NDIS) कर्मी जाँचको सफाइ (क्लियरेन्स) पाउनुभएको छैन भने (यसको म्याद समाप्त हुनु अघिको ३ महिना भन्दा कम नभएसम्म)
- यदि न्यु साउथ वेल्स वा कुनै अन्य राज्य वा क्षेत्रबाट हालको एनडिआईएस (NDIS) कर्मी जाँचको बहिष्कार भएको छैन भने।
- पछिल्लो १२ महिनामा तपाईंको आवेदन जानकारी प्रदान गर्ने आवश्यकताको पालना नगरिएकोले गर्दा रद्द गरिएको छैन भने।

यदि तपाईं आवेदन दिनुहुन्छ र तपाईं योग्य हुनुहुन्न भने, तपाईंको आवेदन शुल्क फिर्ता नगरीकन रद्द गरिनेछ।

## आवेदन दिन तपाईँलाई के आवश्यक छ

तपाईंले आवेदन दिनु अघि, तपाईँलाई निम्न कुराहरू आवश्यक पर्दछ:

- MyServiceNSW खाता
- पहिचान पुष्टि गर्ने चारवटा कागजातहरू
- तपाईंको रोजगारदाताको एनडिआईएस (NDIS) गुणस्तर तथा सुरक्षा आयोग दर्ता नम्बर वा नाम (NDIS Quality and Safeguards Commission registration number or name) (तपाईंको रोजगारदाताले तपाईंलाई यो दिनु पर्ने हुन्छ)
- व्यक्तिगत इमेल ठेगाना र मोबाइल फोन नम्बर। आफ्नो कामको सम्पर्क विवरणहरू प्रयोग नगर्नुहोस्
- यदि तपाईं १८ वर्ष भन्दा मुनिको हुनुहुन्छ भने, तपाईंको अभिभावक वा कानूनी अभिभावकको व्यक्तिगत विवरण, फोन नम्बर, इमेल ठेगाना र आवेदनमा तपाईंको सहमति।

# आवेदनको लागि चरणहरू

## चरण १: अनलाइन आवेदन पेस गर्नुहोस्

- चिल्ड्रेन्स गार्डियन वेबसाइटको एनएसडब्लू कार्यालयको शीर्षमा रहेको 'Apply for NDISWC' मा क्लिक गर्नुहोस्: www.ocg.nsw.gov.au
- आफ्नो MyServiceNSW खातामा लग-इन गर्नुहोस् (वा यदि तपाईंसँग खाता छैन भने एउटा बनाउनुहोस्)
- अनलाइन आवेदन पूरा गर्न प्रम्प्टहरू पालना गर्नुहोस्
- तपाईंलाई आवेदन नम्बर सहितको एउटा पुष्टीकरण इमेल पठाइनेछ

## चरण २: १४ दिन भित्र सर्भिस एनएसडब्लू (Service NSW) केन्द्रमा जानुहोस् (२ हप्ता)

- सर्भिस एनएसडब्लू (Service NSW) केन्द्रमा तपाईंको पुष्टीकरण इमेलमा रहेको आवेदन नम्बर र तपाईंको पहिचान गर्ने कागजातहरू लानुहोस्। यदि तपाईंको कुनै पनि पहिचान गर्ने कागजातहरू अङ्ग्रेजीमा छैनन् भने तपाईंले आधिकारिक रूपमा अनुवादित कागजातहरू प्रदान गर्नुपर्ने हुन्छ।
- यदि लागू हुन्छ भने, कुनै पनि नाम परिवर्तनको प्रमाण लानुहोस्। (विवाह दर्ताको प्रमाणपत्र वा नाम परिवर्तन प्रमाणपत्र)
- आवेदन शुल्क तिर्नुहोस् ($८०, वा स्वयंसेवकहरूका लागि निःशुल्क)
- फोटो खिचाउनुहोस्
- सर्भिस एनएसडब्लू (Service NSW) ले तपाईंको आवेदनको समीक्षा गर्नेछन्, त्यसपछि प्रक्रियाको लागि हामीलाई पठाउनेछन्।

## चरण ३: तपाईंको रोजगारदाताले तपाईंको आवेदन प्रमाणित गर्नेछन्

- हामी तपाईंको आवेदन वैध छ कि छैन भनी जाँच गर्न समीक्षा गर्छौं। यदि हामीलाई तपाईंबाट थप जानकारी चाहिन्छ भने, हामी तपाईंलाई इमेल मार्फत सम्पर्क गर्नेछौं।
- जब तपाईंको आवेदन मान्य हुने निश्चित हुन्छ, तब हामी यसलाई एनडिआईएस (NDIS) कर्मी जाँचको डाटाबेसमा पठाउँछौं।
- तपाईंको एनडिआईएस (NDIS) नियोक्तालाई तपाईंको आवेदन प्रमाणीकरण गर्न भनिएको इमेल पठाइनेछ। तिनीहरूलाई यो गर्न ३० दिन दिइएको हुन्छ।
- तपाईंको रोजगारदाताले तपाईंको आवेदन प्रमाणीकरण गरेपछि तपाईंले हामीबाट एउटा पुष्टीकरण इमेल प्राप्त गर्नुहुनेछ।

### अंग्रेजीमा थप जानकारी

www.ocg.nsw.gov.au/ndis-worker-check-ndiswc/ndiswc-apply-and-manage/how-apply

**TIS National दोभाषे सेवा: www.tisnational.gov.au**